**बैठक संख्या : १० (दशौं)**

आज मिति २०८१ साल चैत १३ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री कर्ण बहादुर कार्की-कार्यालय सहयोगी

श्री रवी कटवाल- कार्यालय सहयोगी

**प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा।
२. ग्रायुसी मा.वि. जग्गा खरिद सम्बन्धमा,
३. वडा नं. ८ को कार्यालय प्रयोजनका लागि जग्गा प्राप्ति सम्बन्धमा,
४. आर्थिक विकास समिति प्रस्ताव सम्बन्धमा,
५. चौमासिक खर्च प्रतिवेदन सम्बन्धमा,
६. रिक्त कर्मचारी पदपूर्ति तथा कर्मचारी नियुक्ति अनुमोदन सम्बन्धमा,
७. उच्च अदालत ओखलढुङ्गाको लागि वारेसनामा तोक्ने सम्बन्धमा,
८. सामुदायिक वन तथा सहकारी संस्था अद्यावधिक सम्बन्धमा,
९. योजना शीर्षकान्तर र रकमान्तर सम्बन्धमा,
१०. विविध समसामयिक विषयमा,

**निर्णय नं १, प्रस्ताव नं १, उपर निर्णय**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २, प्रस्ताव नं २, उपर निर्णय**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा श्री ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको २०८१।११।१९ को निर्णय तथा विद्यालयको च. नं. ११४।२०८१।०८२, मिति २०८१।११।१९ गतेको जग्गा खरिद सम्बन्धी निवेदनका सम्बन्धमा छलफल हुँदा हाल रहेको खेलमैदान सानो भएर खेलकुद विकास तथा व्यवस्थापनमा बाधा आएको हुँदा यसै वडा नं. ६ मा कित्ता नं. १५ क्षेत्रफल १-२-१-० मा रहेको जग्गा खरिद गरी खेलमैदान निर्माण गर्ने प्रयोजनका लागि श्री सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३, प्रस्ताव नं. ३, उपर निर्णय**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आर्थिक विकास समितिबाट प्राप्त प्रस्ताव पारित गर्ने सर्वसम्मत निर्णय गरियो। प्रतिवेदन यसै साथ संलग्न छ।

**निर्णय नं. ४, प्रस्ताव नं. ४, उपर निर्णय**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका वडा नं ८ को वडा कार्यालय प्रयोजनका लागि जग्गा प्राप्ति प्रयोजनार्थ लिखु गाउँपालिका वडा नं. ८ स्थित लाल बहादुर तामाङको कित्ता नं. ४४७ को क्षेत्रफल ०-८-०-० (आठ आना) जग्गा वडा कार्यालयलाई रजिष्ट्रेशन पास गर्नका लागि मालपोत कार्यालय समक्ष सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५, प्रस्ताव नं. ५, उपर निर्णय**

प्रस्ताव नं ५ माथि आवश्यक छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतद्वारा पेश गरिएको लिखु गाउँपालिकाको फागुन मसान्तसम्मको आय व्यय विवरण तथा दोस्रो चौमासिक खर्च विवरण पारित गर्ने सर्वसम्मत निर्णय गरियो। प्रतिवेदन यसै साथ संलग्न छ।

**निर्णय नं. ६, प्रस्ताव नं. ६, उपर निर्णय**

प्रस्ताव नं ६ माथि आवश्यक छलफल गर्दा मिति २०८१/१०/०६ प्रकाशन गरिएको विज्ञापनमा कर्मचारी पदपुर्ति समितिको मिति २०८१/११/१८ गतेको सिफारिस अनुसार करार सेवामा नियुक्ति तथा पदस्थापन कार्यपालिकाबाट अनुमोदन गर्दै कार्यपालिकाको मिति २०८१।०९।२५ को बैठकको निर्णयानुसार मिति २०८१।१०।०६ मा विज्ञापन गरी सञ्चालित पदपूर्ति सम्बन्धी परीक्षामा पदपूर्ति

हुन नसकेका देहाय बमोजिमका पद तथा अपाङ्गता रोकथाम तथा पुनस्र्थापना कार्यक्रम अन्तर्गत रिक्त रहेको देहाय बमोजिमको पद तथा तहमा करार सेवामा कर्मचारी पदपूर्तिको लागि विज्ञापन आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो । साथै एमआइएस अपरेटर र डेन्टल हाइजिनिष्ट पदको हकमा मिति २०८१।०९।२५ को कार्यपालिकाद्वारा गठित कर्मचारी छनौट समिति नै कायम गर्ने र अन्य पदका लागि सम्बन्धित कार्यविधि बमोजिम परीक्षा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| **क्र.सं.** | **पद** | **तह/श्रेणी** | **आवश्यक संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १. | एमआइएस अपरेटर | पाचौँ | १ | पुन विज्ञापन गरिएको |
| २. | डेन्टल हाईजिनिष्ट | पाचौँ | १ | पुन विज्ञापन गरिएको |
| ३. | समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता (CBRF) | - | १ | |
| ४. | अपाङ्गता सहायता सहजकर्ता (DSF) | - | १ | |

**निर्णय नं. ७, प्रस्ताव नं. ७, उपर निर्णय**

प्रस्ताव नं ७ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउपालिका कार्यालय, लिखु गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका लेखा शाखा प्रमुख विरुद्ध प्रशासकीय भवन निर्माण कार्य सम्बन्धी श्री उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गामा निवेदन दर्ता गरी तारिक समेत लिई मुद्दा पुर्पक्ष गर्न तथा कानून व्यवसायी नियुक्त गर्न सेर बहादुर कटुवालको छोरा ओखलढुङ्गा जिल्ला सिद्धिचरण नगरपालिका वडा नं ३ बस्ने नागरिकता नं १३१०१०/२३२ भएको वर्ष २५ को सुदिप केसीलाई गाउँपालिकाको प्रतिनिधि पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ८, प्रस्ताव नं ८, उपर निर्णय**

प्रस्ताव नं ८ माथि आवश्यक छलफल गर्दा वन नियमावली २०७९ को नियम ४४ तथा ४५ बमोजिम लिखु गाउँपालिका भित्र रहेका सामुदायिक वन उपभोक्ता समुहलाई आवश्यक कागजात तथा अन्य विवरण यथाशीघ्र अद्यावधिक गर्न पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ९, प्रस्ताव नं ९ उपर निर्णय**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका कार्यक्रमहरु शीर्षकान्तरका लागि देहाय अनुसार संशोधन गर्ने तथा आगामी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.सं. | साविक आयोजना | हाल कायम गरिएको आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | लिड्स नेपालसँग खानेपानी साझेदारी कार्यक्रम छतिउने आर्यघाट, खत्रीटोल एसविआई बैंक आसापास महावीर कुटीडाँडा, मचावारी जामुने ट्याङ्की मर्मत १७५ धारा निर्माण लिखु ४ | लिखु वडा नं. ४ खानेपानी आयोजना | ७,००,००० | लिखु गाउँपालिका |
| २. | भञ्ज्याङ कोप्चे सडक मर्मत आयोजना | भञ्ज्याङ कोप्चे सडक तथा खाडी डाँडा, सानीमझुवा डुडेखोला सडक मर्मत आयोजना | ४००००० | लिखु गाउँपालिका |

**निर्णय नं १०, प्रस्ताव नं १०, उपर निर्णय**

प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकामा सञ्चालित आधारभुत अस्पतालमा २४ सै घण्टा सेवा सञ्चालन गर्नुपर्ने भएकाले थप कार्यबोझ समेतका आधारमा सो अस्पतालमा नियुक्त मेडिकल अधिकृतलाई नियुक्ति मितिदेखि नै लागु हुने गरी नेपाल सरकारको आठौँ तहलाई तोकिएको आधारभूत तलबको १०० प्रतिशत थप सेवासुविधा प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।